# प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७४।०८।०१

संशोधन
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) (पहिलो संशोधन)
निर्देशिका, २०७४ २०७४।०८।२७

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ख) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभाका सदस्य तथा प्रदेश सभाका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ।

(ग) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ।

(घ) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(ङ) "निर्वाचन सम्पन्न भएको मिति" भन्नाले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य सम्पन्न भएको मिति सम्झनु पर्छ ।

(च) "निर्वाचन क्षेत्र" भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ बमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(छ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ज) "सहयोगी कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणीविहीन वा सो सरहको कर्मचारी सम्झनु पर्छ।

(झ) "सहायक कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेक अन्य राजपत्र अनंकित वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद–२

## कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन र आर्थिक कारोबार सम्बन्धी व्यवस्था

३. **कार्यालय स्थापना गर्नुपर्ने:** (१) निर्वाचन अधिकृतले आफू खटिएको जिल्लाको जिल्ला सदरमुकाममा रहेको गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिको कार्यालय, निर्वाचन कार्यालय, कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्वको कार्यालय वा भवनमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यालय वा भवनमा पर्याप्त स्थान अभावको कारण घर भाडामा लिनुपर्ने अवस्थामा दफा १३ को उपदफा (१) बमोजिमको बजेटको सीमाभित्र रही जिल्ला सदरमुकामको उपयुक्त स्थानमा घर भाडामा लिन सकिनेछ ।

(३) एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा सबै निर्वाचन अधिकृतको कार्यालय यथाशक्य एउटै भवन वा स्थानमा राख्नु पर्नेछ ।

४. **निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी तथा सुरक्षाकर्मी सम्बन्धी व्यवस्था:** निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ मा व्यवस्था भए बमोजिमका कर्मचारी तथा सुरक्षाकर्मी रहनेछन्।

५. **संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने:** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको रीत पुऱ्याई गर्नु पर्नेछ।

६. <u>**रकम निकासा दिनुपर्ने:**</u> निर्वाचन अधिकृतको कार्यालयलाई प्राप्त अख्तियारी बमोजिमको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिनु पर्नेछ ।

## परिच्छेद–३
## निर्वाचन अधिकृतको कार्यालयको खर्च सम्बन्धी व्यवस्था

७. <u>**निर्वाचन भत्ता (२११११)**</u> : (१) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ६ को उपदफा (१) र (२) मा उल्लिखित कर्मचारी मध्ये मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतले नियुक्ति पाएको मितिदेखि र अन्य कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको दिनदेखि [1]<u>निर्वाचन सम्पन्न भएको मितिले पन्ध्र दिन ननाघ्ने गरी निर्वाचन अधिकृतको कार्यालयमा काजमा रहेको मितिसम्म</u> निर्वाचन भत्ता वापत आफूले खाइपाई आएको मासिक तलबको एकसय एक्काईस प्रतिशतले हुन आउने रकम पाउनेछन्।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारीले कार्यालयमा हाजिर भएको दिनको देहाय बमोजिमको दरले खाजा खाना बापतको रकम पाउनेछः-

(क) अधिकृतस्तरका कर्मचारीले सातसय रुपैयाँ,

(ख) सहायकस्तरका कर्मचारीले पाँचसय पचास रुपैयाँ,

(ग) हलुका सवारी चालक, कार्यालय सहयोगी र सुरक्षागार्ड (पि.एस.ओ.) ले पाँचसय रुपैयाँ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन भ्रमण वा अन्य कुनै कारणले कार्यालयमा हाजिर नभएको दिनको खाजा खाना बापतको रकम पाईने छैन।

(४) निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन ।

(५) मुख्य निर्वाचन अधिकृतले जिल्लाभित्रका निर्वाचन अधिकृतबीच समन्वय तथा सहजिकरण गर्न निर्वाचन क्षेत्रको संख्याका आधारमा प्रति निर्वाचन क्षेत्र मासिक एकहजार रूपैयाँका दरले रकम पाउनेछन् ।

(६) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ७ को उपदफा (१), (२) र (३) बमोजिमका कर्मचारीले देहाय बमोजिमको निर्वाचन भत्ता पाउने छन्:-

[1] पहिलो संशोधनदारा संशोधित ।

(क) सहायक कर्मचारीले प्रतिदिन प्रतिब्यक्ति दुईहजार रुपैयाँ,

(ख) सहयोगी कर्मचारीले प्रतिदिन प्रतिब्यक्ति एकहजार पाँचसय रुपैयाँ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमका कर्मचारीले उपदफा (१) र (२) बमोजिमको रकम पाउने छैनन्।

(८) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ बमोजिमका सुरक्षाकर्मीले प्रतिब्यक्ति प्रतिदिनका लागि पाँचसय रुपैयाँका दरले खाजा खाना बापतको रकम पाउनेछन्। त्यस्ता सुरक्षाकर्मीले सिफ्ट बमोजिम काम गरेको अवस्थामा त्यस्तो रकम दामासाहीले पाउनेछन्।

(९) उपदफा (८) बमोजिम सुरक्षाकर्मीलाई खाजा खाना वापतको रकम उपलब्ध गराउँदा निर्वाचन अधिकृतको कार्यालयमा रहने सुरक्षाकर्मीलाई निर्वाचन अधिकृतको कार्यालय रहँदासम्म, मतपत्र रहेको मतपेटिकाको सुरक्षाको लागि मतगणनास्थलमा खटिएका थप सुरक्षाकर्मीलाई मतदानको दिन देखि मतगणना सम्पन्न भएको दिनसम्म र निर्वाचन कार्यालयको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई मतदान हुने दिन भन्दा तीस दिन अघि देखि सम्बन्धित जिल्लाका सबै निर्वाचन क्षेत्रको मतगणना सम्पन्न भएको मितिले तीस दिनसम्मको लागि उपलब्ध गराउनु पर्नेछ ।

(१०) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको काममा खटिएको अवस्थामा बाहेक जगेडामा रहेको कर्मचारीलाई यस निर्देशिका बमोजिमको भत्ता तथा सुविधा दिइने छैन ।

८. **<u>स्थानीय भत्ता (२११११२)</u>** : नेपाल सरकारले स्थानीय भत्ता पाउने भनी तोकेको जिल्लामा अन्य जिल्लाबाट खटिई आएका निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीले नेपाल सरकारले तोके बमोजिमको स्थानीय भत्ता पाउनेछन्।

९. **<u>भ्रमण खर्च (२२६१२)</u>** : (१) निर्वाचन अधिकृत आफ्नो पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा हाजिर हुन गए देखी कार्य सम्पन्न गरी आफ्नो पदाधिकार रहेको कार्यालयमा फर्किंदा सम्मको अवधिको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सो नियमावलीको अनुसूची –२ मा उल्लिखित तहले पाउने दैनिक तथा भ्रमण भत्ता सोही नियमावलीको नियम ७ को उपनियम (७) बमोजिम भुक्तानी पाउनेछ ।

तर काजमा आएका अन्य कर्मचारीले कार्यालयमा रहँदाको अवस्थामा दैनिक भत्ता पाउने छैनन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आफ्नो पदाधिकार रहेको जिल्लामानै खटिएको निर्वाचन अधिकृतले दैनिक तथा भ्रमण भत्ता पाउने छैन।

तर पदाधिकार रहेको कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान पन्ध्र किलोमिटर भन्दा बढी भएमा त्यस्तो निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको दैनिक भत्ता पाउँदा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम थप रकम पाउने रहेछ भने दैनिक भत्तामा सो रकम समेत थप गरी पाउनेछ ।

(४) उपदफा (१) बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने निर्वाचन अधिकृतले दफा ७ को उपदफा (२) बमोजिमको खाजा खाना खर्च पाउने छैन।

(५) निर्वाचन सम्वन्धी कामको सिलसिलामा आफ्नो निर्वाचन क्षेत्रभित्र भ्रमण गर्नु परेमा उपदफा (१) बमोजिम दैनिक भत्ता पाउने निर्वाचन अधिकृतले भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको भ्रमण खर्च मात्र पाउनेछ। यस्तो भ्रमण निर्वाचन अवधिभर पाँच पटक सम्म गर्न सक्नेछ ।

(६) निर्वाचन अधिकृतको कार्यालयमा रहेका निर्वाचन अधिकृत बाहेक निर्वाचन सम्बन्धी कामको सिलसिलामा आफ्नो निर्वाचन क्षेत्रभित्र खटिने अन्य कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण भत्ता पाउनेछन्। यसरी भ्रमण भत्ता पाएको अवधिभर दफा ७ को उपदफा (२) बमोजिमको खाजा खाना खर्च पाउने छैनन्।

१०. **<u>पानी तथा बिजुली (२२१११)</u> :** निर्वाचन अधिकृतको कार्यालयले पानी, धारा तथा बिजुली बापत सो कार्यालय रहेसम्म प्रतिमहिना दशहजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

११. **<u>सञ्चार खर्च (२२११२)</u> :** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयको लागि एक लाईन टेलिफोन र एक लाईन फ्याक्स गरी बढीमा दुई लाइन र निर्वाचन अधिकृतको कार्यालयका लागि एक लाईन टेलिफोन जडान गर्न वा भाडामा लिन सकिनेछ। यसरी जडान गर्दा वा भाडामा लिँदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालयबाट हुनेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयमा ईन्टरनेट जडान गर्न वा भाडामा लिन सकिनेछ। यसरी जडान गर्दा वा भाडामा लिँदा लाग्ने खर्चको भुक्तानी निर्वाचन कार्यालयबाट हुनेछ।

(३) सञ्चार महशुल बापत मुख्य निर्वाचन अधिकृतको कार्यालयले प्रतिमहिना सातहजार रूपैयाँसम्म र निर्वाचन अधिकृतको कार्यालयले प्रतिमहिना पाँचहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ ।

(४) निर्वाचन सम्बन्धी कामको लागि निर्वाचन अधिकृतलाई मोबाइल तथा फुटकर टेलिफोन सुविधा बापत निर्वाचन अवधिभरका निमित्त एकमुष्ट सातहजार रुपैयाँ उपलब्ध गराईनेछ।

(५) निर्वाचन सम्पन्न भएपछि उपदफा (१) र (२) बमोजिमको टेलिफोन तथा ईन्टरनेट बन्द गर्ने दायित्व निर्वाचन कार्यालयको हुनेछ।

१२. **<u>कार्यालय सम्बन्धी खर्च (२२३११)</u> :** कार्यालय सम्बन्धी कामका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभर एकलाख साठीहजार रुपैयाँ सम्म र निर्वाचन अधिकृतको कार्यालयले एकलाख पचासहजार रुपैयाँ सम्म खर्च गर्न सक्नेछ।

१३. **घरभाडा खर्च (२२१२१) :** (१) निर्वाचन अधिकृतको कार्यालय प्रयोजनको लागि दफा ३ को उपदफा (२) बमोजिम घर भाडामा लिनुपर्ने अवस्थामा मासिक तीसहजार रुपैयाँभन्दा बढी नहुने गरी घर भाडामा लिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पुर्ण वा आंशिक स्वामितव वा नियन्त्रणमा रहेको सस्थान वा कार्यालयको घर वा भवन भाडामा लिनु परेमा सो सस्थान वा कार्यालयले निर्धारण गरे बमोजिमको दरमा घरभाडा लिन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम घर भाडा निर्धारण गर्दा रेण्ट कमिटीको निर्णय आवश्यक पर्ने छैन ।

(४) निर्वाचन अधिकृतको कार्यालयले घर भाडा भुक्तानी गर्दा नियमानुसार घरबहाल कर कट्टी गर्नुपर्नेछ।

१४. **मर्मत तथा सम्भार (२२२१२) :** (१) निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभरका लागि सवारी साधन मर्मत बापत पैंतीसहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ।

(२) निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभरको लागि कार्यालयमा रहेका कम्प्युटर, प्रिन्टर मर्मत तथा अन्य मर्मतका लागि पन्ध्रहजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।

१५. **इन्धन तथा अन्य इन्धन (२२२११) :** मुख्य निर्वाचन अधिकृतको कार्यालयलेचालीस हजार रुपैयाँसम्म र निर्वाचन अधिकृतको कार्यालयले पैंतीसहजार रुपैयाँसम्म निर्वाचन अवधिभर इन्धन तथा अन्य इन्धन बापत खर्च गर्न सक्नेछ।

१६. **मतदान स्थल निरीक्षण खर्च (२२६११) :** निर्वाचन अवधिभर सम्वन्धित निर्वाचन क्षेत्रको मतदान स्थलको अनुगमन निरीक्षण गर्दा निर्वाचन अधिकृतले बीसहजार रुपैयाँसम्म खर्च गर्न सक्नेछ।यस्तो खर्च गर्दा निरीक्षण प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

१७. **विविध खर्च (२२७११) :** निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन अवधिभर अतिथि सत्कार तथा भैपरी आउने कामको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले तीसहजार रुपैयाँसम्म र निर्वाचन अधिकृतको कार्यालयले पच्चीसहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ ।

## परिच्छेद–४

## मतदान केन्द्रमा खटिने जनशक्ति र मतदान केन्द्रको खर्च सम्बन्धी व्यवस्था

१८. **मतदान केन्द्रमा खटिने जनशक्ति तथा पाउने सुविधा (२२६१२) :** (१) प्रत्येक मतदान केन्द्रमा प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (जनशक्ति ब्यवस्थापन) निर्देशिका, २०७४ मा उल्लेख भए बमोजिमका कर्मचारी तथा स्वयंसेवक रहने छन्।

(२) मतदान केन्द्रमा खटिने कर्मचारीलाई देहाय बमोजिमको दैनिक तथा भ्रमण खर्च सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराईनेछः-

(क) मतदान अधिकृतलाई प्रतिदिन दुई हजार पाँचसय रुपैयाँ,

(ख) सहायक मतदान अधिकृतलाई प्रतिदिन दुईहजार रुपैयाँ,

(ग) सहायक कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार छसय रुपैयाँ,

(घ) सहयोगी कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार दुईसय रुपैयाँ।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक मतदान अधिकृत राजपत्रांकित स्तरको कर्मचारी भएमा मतदान अधिकृत सरह नै दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

(४) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन (पैदल भ्रमण गर्नुपर्ने स्थानको लागि प्रतिदिन पन्ध्र किलोमिटरका दरले) र मतदान केन्द्रमा बस्ने तीन दिनको समेत दैनिक तथा भ्रमण भत्ता दिइनेछ। किलोमिटरको आधारमा दिन गणना गर्दा सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्मको दूरीको दिन गणना गरी उपदफा (२) बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिनु पर्नेछ ।

(५) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई आफू कार्यरत रहेको कार्यालय रहेको स्थानबाट निर्वाचन अधिकृतको कार्यालयमा नियुक्ति लिन उपस्थित हुँदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम लाग्ने बाटोको म्याद र तयारी म्याद एकदिन गरी लाग्ने दिनको उपदफा (२) बमोजिमको थप दैनिक भत्ता दिइनेछ ।

(६) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा संचालित सस्थाका कर्मचारी मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी वा सहयोगी कर्मचारीको रूपमा मतदान केन्द्रमा खटिएको अवस्थामा त्यस्तो कर्मचारीको तह मिलान गरी निजलाई अन्य कर्मचारीले पाए सरह दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(७) भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (२) बमोजिम दैनिक तथा भ्रमण भत्तामा थप रकम पाउने स्थानमा खटिने कर्मचारीलाई उपदफा (२) बमोजिमको रकममा दश प्रतिशत रकम थप गरी उपलब्ध गराइनेछ ।

१९. **मतदान अधिकृतको थप सुविधा (२२७११):** मतदान अधिकृतलाई मोबाईल फोन रिचार्ज तथा अन्य विविध कार्यका लागि थप सुविधा बापत पाँचहजार रुपैयाँ उपलब्ध गराईनेछ।

२०. **स्वयंसेवक खर्च (२२७११):** मतदान केन्द्रमा स्वयंसेवकको रूपमा नियुक्त हुने ब्यक्तिलाई खाजा खाना बापत तीन दिनको लागि प्रतिदिन प्रतिव्यक्ति एकहजार रूपैयाँका दरले हुन आउने रकम मतदान अधिकृतलाई एकमुष्ट उपलब्ध गराईनेछ । खाजा खानाबापत दिइने रकममा कर कट्टी गर्नुपर्ने छैन।

२१. **<u>मतदान केन्द्र निर्माण खर्च (२२७११)</u>** : मतदान केन्द्र निर्माण गर्न भवन भएका मतदान केन्द्रका लागि पाँचहजार रूपैयाँ र भवन नभएका मतदान केन्द्रका लागि दशहजार रूपैयाँ मतदान अधिकृतलाई उपलब्ध गराईनेछ ।

२२. **<u>बत्ती तथा अन्य खर्च (२२७११)</u>** : (१) मतदान केन्द्रमा बत्ती तथा अन्य व्यवस्था गर्नको लागि मतदान अधिकृतलाई एकहजार पाँचसय रूपैयाँ उपलब्ध गराईनेछ।

(२) बिजुली बत्तीको सुविधा नभएको मतदान केन्द्रमा जेनेरेटर तथा अन्य व्यवस्था गर्न मतदान अधिकृतलाई तीनहजार रुपैयाँ उपलब्ध गराइनेछ ।

२३. **<u>ढुवानी खर्च (२२३११)</u>** : (१) मतपेटिका तथा अन्य निर्वाचन सामाग्री रहेको स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गर्दा पैदल हिँड्नु परेमा पन्ध्र किलोमिटर दूरीको लागि एकदिन कायम गरी प्रतिदिन प्रति मतपेटिका छसय रूपैयाँका दरले हुने रकम मतदान अधिकृतलाई ढुवानी खर्च बापत उपलब्ध गराईनेछ।

(२) सार्वजनिक सवारी साधन प्रयोग गरी मतपेटिका तथा अन्य निर्वाचन सामग्री ढुवानी गरेको अवस्थामा मतदान अधिकृतलाई उपदफा (१) बमोजिम हुने रकमको पचास प्रतिशत रकम दिइनेछ । त्यसरी खर्च लेख्दा दोहोरो हुनेगरी खर्च लेख्न पाइने छैन ।

(३) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन कार्यालयसम्म मतपेटिका लगायतका अन्य निर्वाचन सामग्री ढुवानीको व्यवस्था निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ।

२४. **<u>खर्च लेखी भुक्तानी दिनुपर्नेः</u>** (१) मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई दफा १८ बमोजिमको दैनिक तथा भ्रमण भत्ता हिसाब गरी निज खटिएको अवस्थामा नै अनुसूची–१ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ।

(२) मतदान अधिकृतलाई दफा १९, २०, २१, २२ र २३ बमोजिमको रकम अनुसूची–२ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

(३) घुम्ती टोलीमा खटिने कर्मचारीका लागि दफा ३९ बमोजिमको रकम अनुसूची–३ बमोजिमको भर्पाई गराई निर्वाचन अधिकृतको कार्यालयले खर्च लेखी भुक्तानी दिनु पर्नेछ ।

२५. **<u>बिल भर्पाई पेश गर्नु नपर्नेः</u>** मतदान अधिकृतले दफा १९, २०, २१, २२ र २३ को खर्चको बील भर्पाई पेश गर्नुपर्ने छैन ।

## परिच्छेद–५

## मतगणना सम्बन्धी व्यवस्था

२६. **मतगणना जनशक्ति र खर्च (२१११९)** : (१) मतगणना कार्यका लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ बमोजिमको जनशक्ति रहेको मतगणना टोली हुनेछ।

(२) उपदफा (१) बमोजिम मतगणना टोलीमा रहेको कर्मचारीले प्रत्येक सिफ्टका लागि निर्धारण गरिए बमोजिम मतगणना गरेमा देहाय बमोजिम रकम उपलब्ध गराईनेछः-

(क) प्रमुख मतगणना अधिकारीलाई दुईहजार पाँचसय रुपैयाँ,

(ख) सहायक मतगणना अधिकारीलाई दुईहजार रुपैयाँ,

(ग) अन्य कर्मचारीलाई प्रतिव्यक्ति एकहजार छसय रुपैयाँ,

(घ) कार्यालय सहयोगीलाई एकहजार दुईसय रुपैयाँ।

(३) मतगणनाको लागि एकै समयमा एकभन्दा बढि मतगणना टोली परिचालन गरिएकोमा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) लाई प्रत्येक थप टोलीको लागि पाँचसय रुपैयाँ मात्र थप रकम उपलब्ध गराईनेछ।

(४) निर्वाचन अधिकृतको कार्यालयले मतगणना अवधिभर मतगणना कार्यमा सहयोग गर्ने निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीलाई मतगणना कार्यमा सहयोग गरेबापत प्रतिदिन प्रतिव्यक्ति देहाय बमोजिम भत्ता उपलब्ध गराउनेछः-

(क) अधिकृतस्तर एक जनालाई एकहजार रुपैयाँ,

(ख) सहायकस्तर दुई जनालाई आठसय रुपैयाँ,

(ग) सुरक्षागार्ड (पि.एस.ओ.) एक जना र कार्यालय सहयोगी एक जनालाई छसय रुपैयाँ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि मतगणना कार्यमा संलग्न भएको कर्मचारीलाई त्यस दिनका लागि मतगणना व्यवस्थापन बापतको रकम खर्च भुक्तानी गरिनेछैन।

(६) मतगणना कार्यको प्रगति विवरण प्राप्त गर्न एवं मतगणना कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्न निर्वाचन कार्यालयका कर्मचारीलाई सो कार्यालयबाट मतगणना अवधिभर देहाय बमोजिमको रकम उपलब्ध गराईनेछः-

(क) राजपत्राङ्कित कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार रुपैयाँ,

(ख) राजपत्र अनंकित कर्मचारी दुई जनालाई प्रतिदिन प्रतिव्यक्ति आठसय रुपैयाँ,

(ग) हलुका सवारी चालक एकजना र कार्यालय सहयोगी एक जनालाई प्रतिदिन प्रतिव्यक्ति छसय रुपैयाँ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखीएको भए तापनि मतगणना कार्यमा संलग्न भएको कर्मचारीलाई सो दिनका लागि त्यस्तो खर्च उपलब्ध गराईने छैन।

२७. **<u>मतगणना व्यवस्थापन खर्चः</u>** (१) (२२३११) निर्वाचन अधिकृतको कार्यालयले मतगणना स्थलमा आवश्यक पर्ने गुन्द्री, कार्पेट, चकटी, बत्ती, पानी, जेनेरेटर, माईक आदिको व्यवस्थापन गर्न देहाय बमोजिमको रकम खर्च गर्न सक्नेछः-

(क) बीस हजारसम्म मतदाता रहेको निर्वाचन क्षेत्रका लागि बीसहजार रुपैयाँ,

(ख) पचास हजारसम्म मतदाता रहेको निर्वाचन क्षेत्रका लागि तीसहजार रुपैयाँ,

(ग) असी हजारसम्म मतदाता रहेको निर्वाचन क्षेत्रका लागि चालीसहजार रुपैयाँ,

(घ) असी हजारभन्दा बढी मतदाता रहेको निर्वाचन क्षेत्रका लागि पचासहजार रुपैयाँ।

(२) (२२७११) निर्वाचन अधिकृतको कार्यालयले मतगणना कार्यमा खटिने कर्मचारीको खाजा र चियापान बापत प्रत्येक सिफ्टका लागि पाँचहजार रूपैयाँसम्म खर्च गर्न सक्नेछ।

## परिच्छेद–६

## <u>स्रेस्ता राख्ने तथा लेखा परीक्षण गर्ने सम्बन्धी व्यवस्था</u>

२८. **<u>स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्नेः</u>** (१) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम बजेट सीट, खर्चको फाँटवारी, माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट, बैंक नगदी किताब, पेश्की लेजर आदिको रीतपूर्वकको स्रेस्ता राख्नु पर्नेछ।

(२) निर्वाचन सम्पन्न भएको मितिले पाँच दिनभित्र अख्तियारीसाथ दिईएको वर्गीकरण र अनुसूची–४ बमोजिमको खर्चको फाँटवारी तयार गरी आन्तरिक लेखा परीक्षणको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

२९. **<u>खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्नेः</u>** निर्वाचन अधिकृतले निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतबाट प्रत्येक खर्चको बील, भर्पाई र फाँटवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता प्रमाणित गरी राख्नु पर्नेछ ।

३०. **<u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्नेः</u>** (१) निर्वाचन अधिकृतले यस निर्देशिकामा उल्लेख भए बमोजिमको शीर्षकमा तोकिएको भन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त आधार, कारण र पुष्ट्याई सहित स्वीकृतिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ र सो सम्बन्धमा आयोगले दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा स्पष्टताका लागि आयोगमा अनुरोध गर्न सक्नेछ।

३१. **<u>राजश्व खातामा रकम दाखिला गर्नुपर्नेः</u>** निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा निर्वाचन कार्यालयको कार्यालय कोडमा जम्मा गर्नु पर्नेछ।

३२. **<u>रकम फिर्ता गर्नुपर्ने:</u>** निर्वाचन अधिकृतको कार्यालयले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा त्यस्तो बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ।

३३. **<u>बाँकी धरौटी रकम जम्मा गर्ने:</u>** निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएको मितिले पाँच दिनभित्र धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा जम्मा गरी त्यस्तो खाता बन्द गर्नुपर्नेछ र सोको जानकारी सहितको विवरण आयोग, सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निर्वाचन कार्यालयमा दिनु पर्नेछ ।

३४. **<u>मासिक फाँटवारी पठाउनु पर्ने:</u>** निर्वाचन अधिकृतको कार्यालयले हरेक महिनाको बजेट उपशीर्षकगत र खर्च शीर्षकगत मासिक फाँटवारी छिटो माध्यमद्वारा अर्को महिनाको ३ गतेभित्र आयोगमा पठाउनु पर्नेछ।

३५. **<u>आन्तरिक लेखा परीक्षण गराई स्रेस्ता पठाउनु पर्ने:</u>** (१) निर्वाचन अधिकृतले विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता निर्वाचन सम्पन्न भएको मितिले सात दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आन्तरिक लेखा परीक्षण भई प्रतिवेदन प्राप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएको मितिले बीस दिनभित्र सोसम्बन्धी सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि आफै उपस्थित भई आयोगमा बुझाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा मौज्दात रहेका सम्पूर्ण जिन्सी सामान कार्यालय बन्द भएपछि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भर्पाईको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ ।

३६. **<u>अन्तिम लेखा परीक्षण:</u>** दफा ३५ को उपदफा (३) बमोजिमका स्रेस्ता प्राप्त भएपछि आयोगले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनेछ।

३७. **<u>निर्वाचन अधिकृतको दायित्व:</u>** आर्थिक कारोबार गर्दा गराउँदा निर्वाचन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) यस निर्देशिका बमोजिम खर्च गर्दा प्राप्त अख्तियारीको सीमाभित्र रही सम्बन्धित खर्च शीर्षकबाट मात्र रीतपूर्वक खर्च गर्ने,

(ख) खर्च भएको रकमको यथा समयमाआन्तरिक लेखापरीक्षण गराई आयोगमा स्रेस्ता बुझाउने,

(ग) लेखा परीक्षणबाट औंल्याइएको बेरुजु फछ्र्यौट वा असुल गर्नुपर्ने भए फछ्र्यौट वा असुल समेत गरी बेरुजु फछ्र्यौट गर्ने, सो सम्बन्धमा कुनै स्पष्टीकरणको

आवश्यकता देखिएमा सोको जानकारी आयोगमा पठाउने र कुनै किसिमको पेश्की रकम बाँकी र बेरुजु नहुनेतर्फ ध्यान दिने।

३८. **<u>असूल उपर गरिने:</u>** (१) यस निर्देशिकाको उल्लंघन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ। सोको अभिलेख सम्बन्धित अधिकारीको तालुक निकायमा समेत पठाईने छ।

(२) निर्वाचनको कार्यमा खटिएको कुनै कर्मचारीले यस निर्देशिका बमोजिम पाउने भत्ता सुविधा बापतको रकम बुझी सकेपछी निजले आयोग वा निर्वाचन अधिकृतले तोकेको जिम्मेवारी पुरा नगरेमा त्यस्तो कर्मचारीबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद–७

## <u>विविध</u>

३९. **<u>घुम्ती टोलीको सुविधा (२२६११)</u>:** (१) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ को दफा ४ को उपदफा (३) को खण्ड (ज) बमोजिमको घुम्ती टोलीमा अधिकृतस्तर कर्मचारीको नेतृत्वमा सुरक्षाकर्मी बाहेक एक जना राजपत्र अनंकित कर्मचारी र सवारी साधन चल्ने क्षेत्रका लागि एक जना हलुका सवारी चालक रहनेगरी प्रत्येक निर्वाचन क्षेत्रका लागि बढीमा दुई वटा घुम्ती टोली खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको घुम्ती टोलीमा खटिने सुरक्षाकर्मी बाहेकका कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट देहाय बमोजिमको सुविधा उपलब्ध गराईनेछः-

(क) घुम्ती टोली प्रमुखलाई एकमुष्ट दुईहजार पाँचसय रुपैयाँ,

(ख) सहायक कर्मचारीलाई एकमुष्ट दुईहजार रुपैयाँ,

(ग) हलुका सवारी चालकलाई एकमुष्ट एकहजार दुईसय रुपैयाँ,

(३) उपदफा (१) बमोजिमको टोलीलाई खाजा खर्च बापत एकमुष्ट पाँचहजार रुपैयाँ टोली प्रमुखलाई उपलब्ध गराईने छ।

(४) सवारी साधन चल्ने क्षेत्रका लागि इन्धन बापत बढीमा तीनहजार रुपैयाँ टोली प्रमुखलाई एकमुष्ट उपलब्ध गराईने।

तर सवारी साधन नचल्ने क्षेत्रमा इन्धन बापतको खर्च उपलब्ध गराईने छैन ।

४०. **<u>करकट्टी सम्बन्धी व्यवस्था:</u>** दफा ७ को उपदफा (१), (२), (५), (६) र (८) तथा दफा २६ को उपदफा (२), (३), (४) र (६) बमोजिमका रकममा पन्ध्र प्रतिशत कर कट्टी गर्नु पर्नेछ।

४१. **<u>खर्च सार्वजनिक गर्नुपर्ने:</u>** निर्वाचन अधिकृतले निर्वाचन सम्पन्न भएपछी निर्वाचनसँग सम्बन्धित काममा भएका सम्पूर्ण खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।

४२. **आर्थिक व्यवस्थापन समिति (२११९९) :** (१) यस निर्देशिका बमोजिमको आर्थिक व्यवस्थापन गर्न आयोगमा देहाय बमोजिमको एक आर्थिक व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | माननीय निर्वाचन आयुक्त (आर्थिक व्यवस्थापन हेर्ने) | -संयोजक |
| (ख) | सचिव, आयोग | -सदस्य |
| (ग) | सहसचिव, प्रशासन महाशाखा | -सदस्य |
| (घ) | सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा | -सदस्य |
| (ङ) | उपसचिव, लेखा आर्थिक प्रशासन शाखा | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यमता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार आयोग र अन्य निकायका पदाधिकारी वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले नियमानुसारको बैठक भत्ता तथा सुविधा पाउने छन्।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४३. **निकासा बाँडफाँट सिफारिस समिति (२११९९) :** (१) यस निर्देशिका बमोजिम रकम निकासा बाँडफाँटको सिफारिस गर्न आयोगमा देहाय बमोजिमको एक निकासा बाँडफाँड सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सहसचिव, प्रशासन महाशाखा | -संयोजक |
| (ख) | उपसचिव, लेखा आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ग) | लेखा अधिकृत, केन्द्रीय बजेट हेर्ने | -सदस्य |
| (घ) | लेखा अधिकृत, विनियोजन हेर्ने | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार आयोग र अन्य निकायका पदाधिकारी वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले नियमानुसारको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४४. **जिल्ला निर्वाचन व्यवस्थापन समिति (२११९९) :** (१) निर्वाचन व्यवस्थापन कार्यको समन्वय गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला निर्वाचन व्यवस्थापन समिति रहनेछः-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) निर्वाचन अधिकृत -सदस्य

(घ) स्थानीय विकास अधिकारी -सदस्य

(ङ) जिल्ला शिक्षा अधिकारी -सदस्य

(च) जिल्लास्थित सुरक्षा निकायका प्रमुख -सदस्य

(छ) कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख -सदस्य

(ज) निर्वाचन अधिकारी -सदस्य

(झ) मुख्य निवाचन अधिकृतले तोकेको सहायक निर्वाचन अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य व्यक्ति तथा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक निर्वाचन अवधिभर तीन पटकसम्म बस्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको प्रत्येक बैठकका लागि चार हजार रुपैयाँसम्म विविध खर्च गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं तीन जनासम्म आमन्त्रित सदस्यले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियमानुसारको बैठक भत्ता सुविधा पाउनेछन्।

(७) उपदफा (१) बमोजिमको समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४५. **<u>जिल्ला आर्थिक समन्वय समिति (२१११९)</u>** : (१) यस निर्देशिका बमोजिम आयोगले दिएको अख्तियारी बमोजिमको रकम निकासा दिने, खर्च गर्ने, खर्चको अभिलेख राख्ने, प्रतिवेदन गर्ने, खर्चको एकरुपता कायम गराउने कार्यमा सहयोग गर्न तथा सदरमुकामबाट मतदान केन्द्रसम्मको दुरी र यातायात सुविधा भए नभएको सम्बन्धमा निर्वाचन अधिकृतलाई सिफारिस गर्न देहाय बमोजिमको एक जिल्ला आर्थिक समन्वय समिति रहनेछः-

(क) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख -संयोजक

(ख) निर्वाचन अधिकारी -सदस्य

(ग) निर्वाचन अधिकृतको कार्यालयका लेखा प्रमुख -सदस्य

(घ) निर्वाचन कार्यालयको लेखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकको अध्यक्षतामा निजले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य निकायका पदाधिकारी वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको संयोजक, सदस्य एवं आमन्त्रित सदस्यले निर्वाचन कार्यालयबाट नियमानुसारको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४६. **खारेजी र बचाउः** (१) आयोगको मिति २०७४।६।२३ को निर्णय बमोजिम स्वीकृत भएको "प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

अनुसूची–१

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला..............................................

**<u>दैनिक तथा भ्रमण भत्ता बुझाएको भर्पाई</u>**

नियुक्ति पत्रको च.नं. ... ....................

मितिः २०७४।.. ... .......................

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ... ३. सदरमुकामबाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

४. कार्यरत कार्यालयबाट निर्वाचन अधिकृतको कार्यालयमा आउँदा लाग्ने .........दिन, मतदान केन्द्र सम्म पुग्न लाग्ने ............दिन, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयबाट आफू कार्यरत कार्यालयमा फर्किंदा लाग्ने ............. दिन (पैदल भ्रमण गर्दा प्रतिदिन १५ कि.मि.को दरले) गरी जम्मा............. ....... ......दिन

५. नियुक्ति लिन उपस्थित हुँदा र तयारी म्यादको दिनः २ दिन र मतदान केन्द्रमा रहने दिनः ३ दिन सहित जम्मा दिनः ... ... ... ...

६. कर्मचारीको नाम, थरः

७. पदः मतदान अधिकृत/सहायक मतदान अधिकृत/सहायक कर्मचारी/सहयोगी कर्मचारी

८. तह/श्रेणीः

९. कार्यरत कार्यालयको नाम र ठेगानाः

१०. मतदान केन्द्रमा खटिने कर्मचारीको खर्चः

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| सि.नं. | शीर्षक | जम्मा दिन | दर रु | जम्मा रकम रु | कैफियत |
| १ | दैनिक भत्ता | | | | |
| २ | भ्रमण खर्च (यातायात) | | | | |
| ३. जम्मा रकम (अंक र अक्षरमा) | | | | | |

माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको

नामः सही र मितिः

रकम दिने कर्मचारीको

नामः सही र मितिः

प्रमाणित गर्ने अधिकृतको

नामः सही र मितिः

अनुसूची–२

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला................................................

**<u>मतदान केन्द्र सम्बन्धी खर्च बुझाएको भर्पाई</u>**

नियुक्तिपत्रको च.नं. ... ...

मितिः–... ... ...................

१. खटिएको मतदान केन्द्रः ... ... ...

२. मतदान केन्द्रको क्रम संख्याः ... ...

३. सदरमुकामवाट मतदान केन्द्रको दूरी (कि.मि.मा) ... ... ...

४. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म आउँदा लाग्ने दिन (प्रतिदिन १५ कि.मि.को दरले) ... ... ...

५. मतपेटिका ढुवानी गर्न लाग्ने जम्मा दिन (आतेजाते समेत) ... ... ...

६. मतदान अधिकृतको नाम, थरः

७. कार्यालयः

८. मतदान केन्द्रको खर्चः

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिकाको दफा | विवरण | दर | दिन | संख्या | जम्मा | कैफियत |
| १ | १९ | मतदान अधिकृतको थप सुविधा | ५,०००।- | १ | १ | ५,०००।- | |
| २ | २० | स्वयंसेवक खर्च | १,०००।- | ३ | | | |
| ३ | २१ | मतदान केन्द्र निर्माण खर्च | | | १ | | |
| ४ | २२ | बत्ती तथा अन्य खर्च | १,५००।- | | १ | १,५००।- | |
| ५ | २३ | ढुवानी खर्च | | | | | |
| ६ | जम्मा रकम (अंक र अक्षरमा) | | | | | | |

४. माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको

नामः सही र मितिः

५. रकम दिने कर्मचारीको

नामः सही र मितिः

६. प्रमाणित गर्ने अधिकृतको

नामः सही र मितिः

अनुसूची–३

(दफा २४ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं.........जिल्ला................................................

**घुम्ती टोली लाई रकम बुझाएको भर्पाई**

नियुक्तिपत्रको च.नं. ... ...

मितिः २०७४।.................

१. घुम्ती टोली खटिएको मतदान केन्द्रः ... ... ...

२. सदरमुकामवाट मतदान केन्द्रको जम्मा दूरी (कि.मि.मा) ... ... ...

३. सवारी साधन नचल्ने स्थानबाट मतदान केन्द्रसम्म र निर्वाचन अधिकृतको कार्यालयसम्म जाँदा आउँदा लाग्ने दिन (प्रतिदिन १५ कि.मि.का दरले) ... ... ...

४. घुम्ती टोलीमा खटिने कर्मचारीको नाम, थरः

५. पदः टोली प्रमुख

६. कार्यरत कार्यालयः

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | दर | दिन | जम्मा | कैफियत |
| १ | घुम्ती टोली प्रमुखको सुविधा | २,५००।- | १ | २,५००।- | |
| २ | सहायक कर्मचारीको सुविधा | २,०००।- | १ | २,०००।- | |
| ३ | हलुका सवारी चालकको सुविधा | १,२००।- | १ | | |
| ४ | खाजा खर्च | ५,०००।- | १ | ५,०००।- | |
| ५ | ईन्धन खर्च | ३,०००।- | १ | | |
| ६ | जम्मा रकम (अंक र अक्षरमा) | | | | |

७. माथि उल्लेख भए बमोजिम रकम बुझी लिने कर्मचारीको

नामः सही र मितिः

८. रकम दिने कर्मचारीको नामः

नामः सही र मितिः

९. प्रमाणित गर्ने अधिकृतको नामः

नामः सही र मितिः

अनुसूची–४

(दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

मुख्य/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं..........जिल्ला...............................................

**<u>वर्गीकरण बमोजिमको खर्चको फाँटवारी</u>**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आर्थिक निर्देशिका को दफा | खर्च वर्गीकरणको क्रियाकलाप | यस महिनाको खर्च | विनियोजित रकम | यस महिना सम्मको खर्च | बाँकी रकम | कैफियत |
| १ | ७ | निर्वाचन भत्ता | | | | | |
| २ | ८ | स्थानीय भत्ता | | | | | |
| ३ | ९ | भ्रमण खर्च | | | | | |
| ४ | १० | पानी तथा विजुली | | | | | |
| ५ | ११ | संचार खर्च | | | | | |
| ६ | १२ | कार्यालय सम्बन्धी खर्च | | | | | |
| ७ | १३ | घर भाडा | | | | | |
| ८ | १४ | मर्मत तथा संभार | | | | | |
| ९ | १५ | इन्धन तथा अन्य इन्धन | | | | | |
| १० | १६ | मतदान स्थल निरीक्षण खर्च | | | | | |
| ११ | १७ | विविध खर्च | | | | | |
| १२ | १८ | मतदान केन्द्रमा खटिने कर्मचारीको सुविधा | | | | | |
| १३ | १९ | मतदान अधिकृतको थप सुविधा | | | | | |
| १४ | २० | स्वयंसेवकको खर्च | | | | | |
| १५ | २१ | मतदान केन्द्र निर्माण खर्च | | | | | |
| १६ | २२ | बत्ती तथा अन्य खर्च | | | | | |
| १७ | २३ | ढुवानी खर्च | | | | | |
| १८ | २६ | मतगणना जनशक्तीको खर्च | | | | | |
| १९ | २७ | मतगणना व्यवस्थापन खर्च | | | | | |
| २० | ३९ | घुम्ती टोलीको खर्च | | | | | |
| २१ | ४४ | जिल्ला निर्वाचन व्यवस्थापन समितिको खर्च | | | | | |
| | | **जम्मा** | | | | | |

............................ ...........................

पेश गर्ने सदर गर्ने